# झिमरुक गाँउपालिका

## झिमरुक गाउँपालिका जस्तापाता वितरण कार्यविधि २०७५

कार्यपालिकावाट पारित मिति २०७५।१२।१४ गते

प्रमाणिकरण मिति२०७५।१२।१४ गते

झिमरुक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मच्छी,प्यूठान
५ नं प्रदेश नेपाल

# झिमरुक गाउँपालिका जस्तापाता वितरण कार्यविधि २०७५

प्रस्तावना :

नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले निर्दिष्ट गरेको स्थानीय तहको अधिकार भित्रको विकास निर्माण कार्य सञ्चालन गर्न तथा झिमरुक गाउँपालिका भित्र हुने विपद् न्यूनिकरण गर्न झिमरुक गाउँपालिकाको वार्षिक विकास तथा कार्यक्रम स्विकृत गर्दै विपन्न आय भएका व्यक्ति लक्षित जस्तापाता वितरण कार्यक्रम कार्यान्वयन गर्न जस्तापाता वितरणका लागि आधार तथा मापदण्ड तय गर्न बाञ्छनीय भएकाले यो कार्यविधि स्विकृत गरी झिमरुक गाउँपालिकाभित्र लागु गरिएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस कार्यविधिको नाम झिमरुक गाउँपालिका जस्तापाता वितरण कार्यविधि २०७५ रहेको छ ।

२. यो कार्यविधि तुरुन्त लागु हुने छ ।

३. उद्देश्य : विपन्न आय भएका व्यक्तिहरुको खर, पराल स्याउला वा चित्राले छाएका घरहरुलाई जस्ताको छानामा रुपान्तरण गर्नु तथा आगलागीका कारण हुने विपद् न्यूनिकरण गर्नु रहेको छ ।

४. लाभग्राही जनसङ्ख्या : जस्तापाता वितरणका लागि लाभग्राही घरपरिवार निम्न अनुसारका रहने छन् ।

क) झिमरुक गाउँपालिकाको क्षेत्र भित्र रहेका आर्थिक रुपमा विपन्न खर स्याउला चित्रा तथा परालको छानो भएको परिवार ।

ख) दैवी प्रकोपमा परेका घरपरिवार ।

५. प्रक्रिया : जस्तापाता वितरणका लागि देहाय अनुसारको प्रक्रिया अवलम्वन गरिने छ ।

क) खर,स्याउला, चित्रा वा परालले छाएका घरहरु जस्ताको छानामा रुपान्तरण गर्न चाहने व्यक्तिहरुले सम्बन्धित वडा कार्यालय मार्फत अनुसूची (१) बमोजिमको ढाँचामा दरखास्त माग गर्नु पर्ने छ ।

ख) दरखास्त माग गर्नका लागि गाउँपालिकाको सूचना पाटी, वडा कार्यालय तथा गाउँपालिकाको वेवसाइट मार्फत १५ दिनको सूचना प्रकाशन गर्ने ।

ग) तोकिएको सीमाभित्र आएका सम्पूर्ण दरखास्तहरुलाई विश्लेषण तथा अद्यावधिक गरी वडा समिति मार्फत आएको प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृतले निर्णयार्थ कार्यपालिका समक्ष पेश गर्ने ।

घ) कार्यपालिकाले निर्णय गर्दा प्राप्त प्रस्तावहरुलाई स्विकृत बजेटसँग तादम्यता हुने गरी दलित, विपन्न, गरिवीका रेखामुनी परेका परिवार, असहाय, सुकुम्बासी, दैविप्रकोपमा परेका घरधुरी, टुहुरा टुहुरी, एकल महिलाहरुलाई पहिलो प्राथमिकता दिई संख्या निर्धारण गर्नु पर्ने छ ।

६. जस्ता पाता सुविधा प्राप्तिका लागि आवश्यक पर्ने योग्यता : जस्तापाता सुविधा प्राप्त गर्न देहायको योग्यता आवश्यक पर्ने छ ।

क) नागरिकताको प्रतिलिपि ।

ख) घर भएको जग्गाको र सो ले चर्चेको जग्गा धनी प्रमाण पूर्जा आवश्यक पर्ने छ तर सुकुम्बासीको हकमा भने आवश्यक पर्ने छैन ।

ग) सभाले निर्धारण गरे बमोजिमको भुमी कर तथा घर कर तिरेको हुनुपर्ने छ ।

घ) दफा ४ को उपदफा (घ) वमोजिम संख्या निर्धारण भएका घरधुरीको वढीमा ९ हात चौडाइ १७ हात लम्वाई भएका घर मुलीले खर स्याउला चित्रा तथा परालको छानो हटाई जस्तापाताले छाउन तयार भएको प्राविधिक इस्टिमेट तथा सिफारिस समेत संलग्न हुनु पर्ने छ ।

ङ) सम्बन्धित परिवारका कुनै पनि सदस्य बैदेशिक रोजगारीका लागि नगएको , कुनै व्यापार व्यवसाय सन्चालन नगरेको, सरकारी सेवामा आवद्ध नभएको , आम्दानीको ठूलो श्रोत नभएको, आर्थिक रुपले विपन्न र कमजोर आय भएको परिवार भनी सम्वन्धित वडाको वडाध्यक्षले सिफारिस गरेको वडा कार्यालयको पत्र ।

च) सम्वन्धित वडाका वडाध्यक्षबाट प्रमाणित भएको सम्बन्धित परिवारको खर,पराल चित्रा वा स्याउलाको छानो भएको फोटो ।

छ) अर्काको घरखेत वा लाल पूर्जा विहिन जग्गामा बसोवास गरेको, सुकुम्वासी भए सो व्यहोरा प्रमाणित गर्ने व्यहोराको सम्वन्धित वडाका वडाध्यक्षको सिफारिस पत्र ।

ज)दैवी प्रकोपमा परेकाको हकमा प्रहरी मुचुल्का हुनु पर्नेछ र दैवी प्रकोप पर्दाको अवस्थामा उक्त घरमा मानिस वसी भोग चलन गरेकोलाई मात्र जस्तापाता दिईने छ ।

७) दफा ४ को उपदफा घ वमोजिम छनौट भएका घरधुरीले जस्तापाता वुझेको मितिले ३० दिनभित्र छाना छाई सक्नु पर्नेछ र छाना छाएको मितिले १० दिनभित्र प्राविधिक तथा वडा कार्यालयको कार्य सम्पन्नको सिफारिस पत्र र झिमरुक गाउँपालिकाको सहयोगमा छाना छाएको सूचना वोर्ड सर्वसाधारणले देख्ने ठाउँमा टाँस गरेको फोटा गाउँपालिकाको कार्यालयमा पेश गर्नु पर्ने छ ।

अनुसुची –१

(कार्यविधिको दफा ४ को देहाय क संग सम्बन्धित)

श्री झिमरुक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

विषय : जस्तापाताका लागि प्रस्ताव पेश गरेको बारे ।

प्रस्तुत विषयमा म झिमरुक गाउँपालिका वार्ड नं ..................(साविक.................गा.वि.स.वडा नं........टोल) निवासी ................को छोरा ...........................................ले गाउँपालिकाले मिति .........................गते प्रकाशन गरिएको सूचना अनुसार तपसिल बमोजिमको कागजात संलग्न राखी ............ जस्तापाता माग गरेको छु ।

निवेदक :

नाम थर :

स्थायी ठेगाना :

संलग्न गर्नु पर्ने कागजात :

क) नागरिकताको प्रतिलिपि ।

ख) घर भएको जग्गा र सो ले चर्चेको जग्गा धनी प्रमाण पूर्जा तर सुकुम्बासीको हकमा आवश्यक पर्ने छैन ।

ग) सभाले निर्धारण गरे बमोजिमको भुमी कर तथा घर कर तिरेको रसिद

घ) संख्या निर्धारण भएका घरधुरीको वढीमा ९ हात चौडाइ १७ हात लम्वाई भएका घर मुलीले खर स्याउला चित्रा तथा परालको छानो हटाई जस्तापाताले छाउन तयार भएको प्राविधिक इस्टिमेट तथा सिफारिस

ङ) सम्बन्धित परिवारका कुनै पनि सदस्य बैदेशिक रोजगारीका लागि नगएको , कुनै व्यापार व्यवसाय सन्चालन नगरेको, सरकारी सेवामा आवद्ध नभएको , आम्दानीको ठूलो श्रोत नभएको, आर्थिक रुपले विपन्न र कमजोर आय भएको परिवार भनी सम्वन्धित वडाको वडाध्यक्षले सिफारिस गरेको वडा कार्यालयको सिफारिस पत्र ।

च) सम्वन्धित वडाका वडाध्यक्षबाट प्रमाणित भएको सम्बन्धित परिवारको खर,पराल चित्रा वा स्याउलाको छानो भएको फोटो ।

छ) अर्काको घरखेत वा लाल पूर्जा विहिन जग्गामा बसोवास गरेको, सुकुम्वासी भए सो व्यहोरा प्रमाणित गर्ने व्यहोराको सम्वन्धित वडाका वडाध्यक्षको सिफारिस पत्र ।

ज) दैवी प्रकोपमा परेकाको हकमा प्रहरी मुचुल्का ।

झिमरुक गाउँपालिकाको बैठकवाट मिति २०७५/१२/१४ गते पारित यो कार्यविधि झिमरुक गाउँ कार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण (कार्यविधि ) नियमावली, २०७४ को नियम ३ को उपनियम ४ बमोजिम प्रमाणीकरण गर्दछु ।

(कमल प्रसाद भुसाल)
प्रमुख प्रशासकीय अधिकृत
मिति २०७५/१२/१४